"समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर शहरः सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ नगरपालिका"

प.सं.

च.नं.

## तिलोत्तमा बहु-उद्देश्यीय टावरको सञ्चालन ठेक्कामा दिने कार्यको बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशन मितिः २०८२/०९/२२

ठेक्का सूचना नं. - आय १७/०८२/०८३

तिलोत्तमा नगरपालिकाको वडा नं.-२, बनबाटिकामा निर्माण भएको तिलोत्तमा बहु-उद्देश्यीय टावर (भ्यू टावर) को सञ्चालन सम्बन्धी कार्यको आय ठेक्का बन्दोबस्त गर्नु परेकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीलाई बोलपत्र सम्बन्धी प्रकृयामा सहभागि हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ ।

क) ठेक्का सम्बन्धी विवरण

| क.सं. | कामको विवरण | ठेक्का अवधि | वार्षिक न्यूनतम अंक (मू.अ.कर बाहेक) रु. | बोलपत्र जमानत रु. | बोलपत्र दस्तूर रु. |
|---|---|---|---|---|---|
| १ | तिलोत्तमा बहुउद्देश्यीय टावर (भ्यू टावर) ठेक्कामा लिई सञ्चालन गर्ने कार्य | पन्ध्र (१५) वर्ष | ३९,५०,०००/- (उन्चालिस लाख पचास हजार मात्र) | मू. अ. कर बाहेकको कबोल रकमको पाँच (५) प्रतिशतले हुन आउने रकम | ३०००/- |

ख) टावरको संरचना विवरण

१ मुख्य टावरः लिफ्टयुक्त एघार तल्ला रहेको ।

२ अन्य संरचनाः म्युजिकल फाउण्टेन, बगैचा, फूलबारी, स्विमिङ्ग पूल र पार्किङ्ग क्षेत्र समेत ।

३ टावर क्षेत्रले ओगटेको जमिनको क्षेत्रफलः करिब दुई बिघाह

ग) ठेक्का सम्बन्धी शर्तहरु

१ सम्बन्धित निकायमा प्रा.लि. वा एकल वा साझेदारी फर्म दर्ता भई प्रचलित कानून बमोजिम नविकरण गर्नुपर्ने भएमा सम्बन्धित निकायबाट नविकरण समेत भएका प्रा.लि. वा फर्मले यो सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२ बजे सम्म www.bolpatra.gov.np/egp बाट बोलपत्र फाराम डाउनलोड गर्न सकिनेछ ।

२ बोलपत्रदाताले बोलपत्र फाराममा आँफुले बुझाउन कबोल गरेको रकम अंक र अक्षर दुबैमा उल्लेख गरि बोलपत्र फारामसाथ आफ्नो प्रा.लि. वा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र, बोलपत्र फाराम दस्तुर वापतको रकम NIC ASIA बैंकमा तिलोत्तमा नगरपालिका कार्यालयको राजश्व खाता नं. 1052055499599012 मा ठेक्का नं. र बोलपत्रदाताको नाम समेत उल्लेख गरि तोकिए बमोजिमको रकम दाखिला गरेको बैंक भौचर वा कार्यालयमा नगद दाखिला गरेको नगदी रसीद र आफुले कबोल गरेको रकमको ५% ले हुन आउने धरौटी रकम NIC ASIA बैंकमा रहेको यस तिलोत्तमा नगरपालिका कार्यालयको धरौटी खाता नं. A5CA549959952403 मा जम्मा गरी सोको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख

गरी कम्तिमा १२० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२.०० बजे भित्र www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुपर्नेछ ।

३ रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन ।

४ प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले १५औं दिन दिनको २.०० बजे तिलोत्तमा नगरपालिकाको कार्यालयमा हुनेछ ।। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी लिन सक्नेछन् । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५ रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६ बोलपत्र स्वीकृत भएमा बोलपत्रदाताले त्यसको सूचना प्राप्त भएको मितिले १५ दिनभित्र आँफुले बुझाउन कबोल गरेको पहिलो वर्षको एकमुष्ठ ठेक्का रकम, त्यसमा लाग्ने १३ प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर र १.५ प्रतिशतले हुन आउने अग्रिम आयकर बापतको रकम आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको भौचर र दोस्रो वर्षका लागि कम्तिमा १३ महिना अवधि रहेको वाँणिज्य बैंकले जारी गरेको बैंक जमानत पेश गरि ठेक्का सम्झौता गर्नुपर्नेछ ।

७ एवं रीतले बाँकी वर्षको हकमा समेत तोकिएको अवधिमा प्रत्येक आर्थिक वर्षको ठेक्का रकम, त्यसमा लाग्ने १३ प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर, १.५ प्रतिशतले हुन आउने अग्रिम आयकर बापतको रकम र अर्को आर्थिक वर्षका लागि कम्तिमा १३ महिना अवधि रहेको वाँणिज्य बैंकले जारी गरेको बैंक जमानत पेश गरि ठेक्का नविकरण गर्दै जानुपर्नेछ ।

८ ठेक्का सम्झौता भएको पाँचौं वर्षमा पहिलो पटक र तत्पश्चात हरेक दुई/दुई वर्षमा शुरु कबोल रकमको १० प्रतिशतका दरले हुन आउने रकम स्वतः ठेक्का रकममा बृद्धि हुँदै जानेछ । बोलपत्रदाताले सोही बमोजिम ठेक्का रकम दाखिला तथा बैंक जमानत पेश गर्नुपर्नेछ ।

९ बोलपत्रदाताले तोकिएको म्यादभित्र ठेक्का सम्झौता गर्न नआएमा वा लिन मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्रदातालाई प्राथमिकता दिई निजहरुलाई सूचना जारी गरी ठेक्का बन्दोबस्त गरिनेछ । यसरी दोस्रो, तेस्रो क्रम अनुसार सम्झौता गर्नुपर्ने अवस्थामा सम्झौता गर्न नआउने बोलपत्रदाताको धरौटी जफत गरिनेछ । जफत गरेको धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको कबोल रकमको अन्तर बढी हुने भएमा सो अन्तर बढी हुने भएमा सो अन्तर बराबरको रकम अघिल्लो बढी हुने भएमा सो अन्तर बराबरको रकम अघिल्लो क्रमको बोलकर्तावाट सरकारी सरह असूल उपर गरिनेछ ।

## घ) टावरको सञ्चालन सम्बन्धी शर्तहरु

१ नगरपालिकाले मुख्य टावर हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा उपलब्ध गराउनेछ । बोलपत्रदाताले यसको बाहिरी स्वरुपमा असर नपर्ने गरि भित्री भागमा आवश्यकतानुसार आन्तरिक सजावट (ईन्टेरियर/डेकोरेशन) ईत्यादी आफ्नै लगानीमा गरि सञ्चालन गर्नुपर्नेछ । त्यसै गरि स्विमिङ्ग पूलको बाहिरी भाग निर्माण भैसकेको र बोलपत्रदाता स्यमंले आवश्यकताको आधारमा आफ्नै लगानीमा भित्री फिटिङ्ग लगायतको निर्माण गरि सञ्चालन गर्नुपर्नेछ ।तर नगरपालिकामा यस्ता खर्चको दावी गर्ने पाईने छैन ।

२ बोलपत्रदाताले टावर क्षेत्रभित्र हाल कायम रहेका संरचनाहरु बाहेकका खाली स्थानमा नगरपालिकाबाट स्वीकृति लिएर थप अस्थायी संरचना निर्माण गरि सञ्चालन गर्न सक्नेछ । ठेक्का अवधि समाप्त भए पश्चात उक्त संरचनाहरु नगरपालिकालाई उपयुक्त हुने देखिएमा स्वतः नगरपालिकाको हुनेछ । उपयुक्त हुने नदेखिएका संरचनाहरु भने बोलपत्रदाताले हटाईदिनुपर्नेछ । अस्थायी संरचना निर्माण गर्दा वा हटाउँदा लाग्ने खर्चको दावी गर्न पाईनेछैन ।

३ टावरमा व्यवसाय संचालन गर्नका लागि आवश्यक पर्ने फर्निचर लगायतका आवश्यक सामग्रीहरु स्यमं व्यवस्थापन गर्नुपर्नेछ ।

४ प्राकृतिक विपत्तिबाट हुन जाने ठुला क्षति बाहेक सबै प्रकारका मर्मत सम्भार बोलपत्रदाता स्यमंले गर्नुपर्नेछ

५ बोलपत्रदाताले खानेपानी, बिधुत आदीको महसूल बुझाउने तथा मुख्य टावरमा जडान भएको लिफ्ट र परिसरमा रहेका म्युजिकल फाउण्टेन, बगैचा, फूलबारी, स्विमिङ्ग पूल, पार्किङ्ग क्षेत्र, विधुत तथा खानेपानी मिटर, ट्रान्सफर्मर, जेनेरेटर लगायतको उचित संरक्षण, मर्मत सम्भार तथा नियमित सरसफाईको व्यवस्था गर्नुपर्नेछ ।

६ यस सूचनामा समावेस विषय यसै बमोजिम र नभएका अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

७ थप जानकारीको लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

सुगलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत